प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
गण्डकी प्रदेश, पोखरा

फोन नं. : ०६१-५५०४६२
०६१-५२८५७३

प.स. : ०७९/०८०
च.नं. : १६१

मिति २०७९/११/१६

विषयःसूचना टाँस गरिदिने बारे ।

श्री स्थानीय निकाय (सबै)
गण्डकी प्रदेश

प्रस्तुत विषयमा यस निर्देशनालयले वितरण गर्ने विभिन्न संग्लन लिष्टका छात्रवृत्तिका लागि निवेदन दिने सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरीदिनु हुन अनुरोध छ ।

शाखा अधिकृत
(आठौं तह)

Mail ID :- edd.gandaki@gmail.com
http://www.edd.gandaki.gov.np

Web site Address :-

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
गण्डकी प्रदेश, पोखरा

## छात्रवृत्ति प्रासिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।११।१६

यस प्रदेशभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकहरु मध्ये तपसिल बमोजिमका छात्रवृत्ति प्रासिका लागि तपसिलमा उल्लेख भए बमोजिमका कागजात र निवेदन सहित यो सूचना प्रकाशन भएका मितिले १५ दिनभित्र शिक्षा विकास निर्देशनालय,गण्डकी प्रदेश,पोखरामा सक्कलै निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल

| क्र सं | छात्रवृत्ति कार्यक्रमको नाम | निवेदन दिन सक्ने विद्यार्थी | निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | शहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति | आ.व. २०७९/०८० मा एमबिबिएस र स्नातक तहमा इन्जिनियरिङ्ग,वन विज्ञान,कृषि र पशु विज्ञान विषयमा छात्रवृत्ति कोटामा छनौट भई अध्ययन गरिरहेका दलित,लोपोन्मुख,अल्पसंख्यक तथा गरीब विद्यार्थी र शहिद,वेपत्ता,द्वन्दपीडित र जनआन्दोलनका घाइतेका परिवारका छोराछोरी | • अनुसूचि ३ बमोजिमको निवेदन<br>• नेपाली नागरिकताको प्रमाणपत्र<br>• शहिद तथा वेपत्ता परिवारको विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु<br>• शहिद तथा वेपत्ता परिवारका विद्यार्थीका सम्बन्धित व्यक्तिसँगको नाता प्रमाणित पत्र<br>• जनआन्दोलनका घाइते र द्वन्दपीडित खुल्ने प्रमाण र स्थानीय तहको सिफारिस<br>• भर्ना भएको प्रमाण खुल्ने क्याम्पसको प्रमाणित पत्र र भर्ना रसिद<br>• कक्षा १२ उत्तीर्ण प्रमाणपत्र<br>• SLC/SEE र कक्षा १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइबाट प्रदान गरेको सिफारिस पत्र<br>• लोपोन्मुख तथा अल्पसंख्यक जातिका विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु<br>• यस प्रदेशभित्र स्थायी बसोबास भएको प्रमाणित कागजात |
| २ | उत्कृष्ट विद्यार्थी प्रोत्साहन छात्रवृत्ति | गणित र विज्ञान मुख्य विषय लिई कक्षा ११ र १२ तथा स्नातक तहमा अध्ययनरत दलित तथा असहाय छात्रा | • नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• दलित विद्यार्थीका हकमा दलित भनी सम्बन्धित निकायले दिएको प्रमाणित कागजात<br>• गरीब असहाय खुल्ने सम्बन्धित स्थनीयतहको सिफारिस पत्र |

नि. निर्देशक

| | | | |
|---|---|---|---|
| | | | • शैक्षिक सत्र २०७९ मा भर्ना भएको प्रमाण खुल्ने विद्यालय/क्याम्पस वा विश्वविद्यालयको प्रमाणित पत्र<br>• कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरुले एसईई को प्रमाणपत्र र स्नातक तहको प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरुले कक्षा १२ उत्तीर्ण प्रमाणपत्र<br>• यस अगावै कुनै निकायबाट दलित तथा असहाय छात्रवृत्ति प्राप्त नगरेको भनी विद्यालय/क्याम्पस/विश्वविद्यालयले स्पष्ट किटान गरिदिएको सिफारिस पत्र<br>• यस प्रदेशभित्र स्थायी बसोबास भएको प्रमाणित कागजात<br>• बैंक खाता विवरण<br>**पनश्च-** कक्षा ११ र १२ मा विज्ञान वा गणित मूल विषय लिएका विद्यार्थीले अनुसुचि १७ बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनुपर्नेछ भने सम्बन्धित विद्यालयले स्थानीय तहको सिफारिस र तोकिएका कागजातहरु संलग्न राखी अनुसूचि १८ बमोजिमको विवरण तयार गरी तोकिएको म्यादभित्र शिक्षा विकास निर्देशनालयमा सक्कलै निवेदन पेश गर्नुपर्नेछ भने स्नातक तहमा गणित वा विज्ञान विषय अध्ययन गर्नका लागि छनौट भई भर्ना भएका असहाय तथा दलित जातिका छात्राहरुले सम्बन्धित शिक्षण संस्थाको सिफारिस संलग्न गरी तोकिएको समयभित्र अनुसूचि १७ को ढाँचामा शिक्षा विकास निर्देशनालय समक्ष छात्रवृत्ति दोहोरो नपरेको सुनिश्चितता सहित निवेदन पेश गर्नुपर्नेछ । |
| ३ | अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति | आ.व. २०७९/०८० मा स्नातक वा स्नातकोत्तर तहमा भर्ना भई अध्ययनरत अपाङ्ग विद्यार्थी | • अनुसुचि २० अनुसारको निवेदन<br>• नेपाली नागरिकताको प्रमाणपत्र<br>• भर्ना भएको खुल्ने क्याम्पसको प्रमाणित पत्र<br>• अपाङ्गता परिचयपत्रको प्रतिलिपि<br>• यस प्रदेशभित्र स्थायी बसोबास भएको प्रमाणित कागजात<br>• शैक्षिक योग्यताका प्रमाणपत्रहरु |

नोट यस सम्बन्धी मापदण्ड,निवेदनको ढाँचा,मूल्याङ्कनको मापदण्ड सम्बन्धी जानकारी शिक्षा विकास निर्देशनालयको वेभसाइट www.edd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

नि. निर्देशक

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

## २.६ सहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रम उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट रु. हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | ३४ जना | ३००० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १ कार्यक्रमको परिचय | एमबिबिएस लगायत उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिमा छनोट भएका दलित,लोपोन्मुख,अल्पसंख्यक तथा गरीब विद्यार्थी र सहिद,बेपत्ता, द्वन्दपीडित एवम जनआन्दोलनका घाइतेलाई थप प्रोत्साहन गर्न सहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ ।<br>आ.व. २०७९।०८० मा भर्ना भएका यस प्रदेश भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकहरु छात्रवृत्तिमा छनोट भई नेपाल भित्रका मेडिकल कलेजहरुमा एमबिबिएस अध्ययनरत एवम प्राविधिक विषयमा उच्च शिक्षा (इन्जिनियरिङ वन विज्ञान,कृषि र पशु विज्ञान) अध्ययनका लागि गरीब, दलित जातिका विद्यार्थीहरुलाई सो कोर्ष पूरा गर्न एक पटकका लागि प्रोत्साहन गर्नु पर्दछ । तर सहिद,वेपत्ता परिवार, द्वन्द पीडित एवम जनआन्दोलनका घाइतेका छोराछोरीलाई भने छात्रवृत्तिमा छनोट भएको हुनुपर्ने छैन । सहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रम स्वच्छ,मर्यादित र विश्वसनीय रुपमा कार्यान्वयन गर्नका लागि यो मापदण्ड तयार गरिएको छ । |
| २ कार्यक्रमको उद्देश्य | सहिद र वेपत्ता परिवारका छोराछोरी,द्वन्दपीडित,दलित,लोपोन्मुख,अल्पसंख्यक तथा गरीब विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन पूरा गर्न प्रोत्साहित गर्ने । |
| ३ कार्यक्रम कार्यान्वयनमा गर्ने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४ बजेट बाँडफाँट | सूचना प्रकाशन, प्रस्ताव छनोट तथा व्यवस्थापन, छात्रवृत्ती |
| ५ सञ्चालन गरिने क्रियाकलाप | **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,<br>(क) **"शहीद"** भन्नाले व्यक्तिगत स्वार्थ बिना काम गर्ने र देश र जनताको भलाईका लागि आफ्नो ज्यानको बलिदान दिने व्यक्तिलाई शहीद भनिन्छ । शहीद शब्दले राज्यले शहीद भनि घोषणा गरेका व्यक्तिलाई जनाउदछ ।<br>(ख) **"बेपत्ता परिवार "** भन्नाले सशस्त्र द्वन्द र मधेश आन्दोलनका क्रममा राज्य पक्ष वा अन्य पक्षबाट बेपत्ता भएका वा पारिएका व्यक्तिका परिवारलाई बुझाउदछ ।<br>(ग) **"द्वन्दपीडित"** भन्नाले सशस्त्र जनयुद्धमा ज्यान गुमाएका घाइतेका छोराछोरीलाई जनाउँछ ।<br>(घ) **जनआन्दोलनका घाइते** भन्नाले २०६२/६३ को जनआन्दोलनमा घाइते भएका व्यक्तिलाई सम्झनु पर्दछ । |

१४

प्रदेश सरकार
संस्कृति, विज्ञान प्रविधि
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

मानिनीय मन्त्री
मेखलाल श्रेष्ठ

| | |
|---|---|
| | (ङ) **“मेडिकल कलेज”** भन्नाले विभिन्न विश्वविद्यालयहरुबाट सम्बन्धन प्राप्त गरी एमविविएस कक्षा सञ्चालनको अनुमति पाएका संस्थाहरुलाई सम्झनु पर्दछ । यसले एमविविएस कक्षा सञ्चालन गर्ने अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुलाई समेत जनाउँदछ।<br>(च) **"दलित विद्यार्थी"** भन्नाले कानून बमोजिम दलित भनी तोकिएका जातिका विद्यार्थीलाई सम्झनु पर्दछ।<br>(छ) **"गरीब विद्यार्थी"** भन्नाले सम्बन्धित स्थानीय तहले गरीब हो भनी सिफारिश गरेका विद्यार्थीलाई सम्झनु पर्दछ ।<br>(झ) **"प्रोत्साहन छात्रवृत्ति"** भन्नाले एमविविएस र स्नातक तहमा प्राविधिक विषय अध्ययन गर्नका लागि विश्वविद्यालयमा भर्ना भइ अध्ययन गरिरहेका विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्न नपरोस भनी उपलब्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।<br>(ञ) **“उच्च प्राविधिक शिक्षा”** भन्नाले माध्यमिक तहभन्दा माथिल्लो तहमा पढाइ हुने प्राविधिक शिक्षा भन्ने सम्झनु पर्दछ र प्राविधिक विषयहरु भन्नाले छात्रवृत्ति व्यवस्थापनका लागि एम.वि.वि.एस., इन्जिनियरिङ, बन विज्ञान, कृषि र पशु विज्ञान विषयहरु सम्झनु पर्दछ ।<br>**सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान स्नतक तहमा भर्ना भएका विद्यार्थीहरुका लागि कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गर्ने ।<br>(२) उपदफा (१) बमोजिमको सूचना निर्देशनालयको वेभसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्ने ।<br>**निवेदन पेश गर्नेः** (१) एमविविएस लगायत उच्च प्राविधिक शिक्षा अध्ययन गर्नका लागि छनौट भई भर्ना भएका शहीद तथा वेपत्ता परिवार र गरीब, दलित तथा अल्पसंख्यक जातिका विद्यार्थीहरुले सम्बन्धित मेडिकल कलेज। प्रतिष्ठान,विश्वविद्यालय। क्याम्पसको सिफारिश संलग्न गरी तोकिएको ढाँचा र समयभित्र निर्देशनालय समक्ष सक्कल निवेदन पेश गर्नुपर्नेछ ।<br>(२) निवेदनको ढाँचा **अनुसूची-३** मा उल्लेख भए बमोजिम हुनेछ ।<br>(३) सामुदायिक विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय ईकाइबाट प्रदान गरिएको सिफारिस पत्र संलग्न गरेको हनु पर्नेछ । साथै शहीद स्मृति आवासीय विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए पनि सामुदायिक विद्यालय सरह अङ्क प्रदान गरिनेछ ।<br>**छात्रवृत्ति रकम सम्बन्धमाः** छात्रवृत्ति बापतको रकम विद्यार्थीको खातामा देहाय बमोजिम उपलब्ध गराउनुपर्नेछ ।<br>क) एमबीबीएस कार्यक्रमका लागि प्रति विद्यार्थी एकमुष्ठ दुई लाख रुपैया<br>ख) अन्य प्राविधिक विषयका लागि प्रति विद्यार्थी एकमुष्ठ ५० हजार रुपैंया |



प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

मानननीय मन्त्री
मेखलाल श्रेष्ठ

| | |
|---|---|
| | **छात्रवृत्ति कोटा वितरणः** एमबीबीएस- ८ (आठ)<br>अन्य प्राविधिक विषयः २६ (छब्बीस)<br>**मूल्याङ्कन समितिः** निर्देशनालयमा प्राप्त हुने निवेदनहरुको मूल्याङ्कन गरी निर्देशक समक्ष सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको एक समिति गठन हुनेछ ।<br>संयोजक- शाखा प्रमुख, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय<br>सदस्य- शिक्षा, संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि- सदस्य<br>सदस्य- मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले तोकेको अधिकृत प्रतिनिधि- सदस्य<br>सदस्य सचिव- शाखा अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय<br>मूल्याङ्कनका आधारहरु **अनुसूची** - ४ मा उल्लेख भए बमोजिम हुनेछ । |
| ६ अपेक्षित उपलब्धि प्रतिफल | शहीद र बेपत्ता, द्वन्दपीडित, जनआन्दोलनका घाइते, लोपोन्मुख परिवारका छोराछोरी, गरीब, दलित तथा अल्पसंख्यक जातिका विद्यार्थीहरुको उच्च शिक्षा अध्ययनमा सहयोग पुग्ने । |
| ७ प्रस्ताव साथ विद्यार्थीले पेश गर्नुपर्ने कागजातहरु | • नागरिकता प्रमाणपत्र<br>• दलित जाति खुल्ने प्रमाणित कागाजातको प्रतिलिपी<br>• शहीद तथा बेपत्ता परिवारको विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु<br>• शहीद तथा बेपत्ता परिवारका विद्यार्थीले सम्बन्धित व्यक्तिसँगको नाता प्रमाणित<br>• जनआन्दोलनका घाइते र द्वन्दपीडित खुल्ने प्रमाण र स्थानीय तहको सिफारिस<br>• भर्ना भएको प्रमाण खुल्ने क्याम्पसको प्रमाणित पत्र र भर्ना रसिद<br>• कक्षा १२ उत्तीर्ण प्रमाणपत्र<br>• SEE/SEE र कक्षा १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइबाट प्रदान गरेको सिफारिस पत्र<br>• आर्थिक अवस्था कमजोर भएका गरीब विद्यार्थी भएमा निजको आर्थिक अवस्था खुल्ने गरी स्थानीय तहको सिफारिश<br>• लोपोन्मुख तथा अल्पसंख्यक जातिका विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु |
| ८ अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय |

सचिव

गण्डकी प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

मानसिंह
माननीय मन्त्री
मेखलाल श्रेष्ठ

अनुसूची -३

## शहीद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ती निवेदनको ढाँचा

पासपोर्ट
साइजको फोटो

**निवेदकको व्यक्तिगत विवरण**

नाम थरः लिङ्गः

जातः

**स्थायी ठेगानाः**

जिल्लाः स्थानीय तहको नामः वडा नं.

बाबुको नामः

आमाको नामः

अभिभावकको मोवाइल नम्बरः

बाबुको पेसाः आमाको पेसाः

परिवारको वार्षिक आम्दानी :

कक्षा १२ उत्तीर्ण विद्यालयको नामः ठेगानाः

उत्तीर्ण सालः प्राप्ताङ्क प्रतिशत/जिपिए :

SLC/SEE उत्तीर्ण गरेको विद्यालय : ☐ सार्वजनिक विद्यालय, ☐ संस्थागत विद्यालय

भर्ना भएको कलेजको नामः ठेगानाः

भर्ना भएको शैक्षिक सत्रः भर्ना रोल नम्बरः

खाता रहेको बैङ्कको नामः ठेगानाः

खाता नः

विद्यार्थीको मोवाइल नं. : इमेल ठेगाना : विद्यार्थीको हस्ताक्षरः

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

३. कक्षा १० (SEE) र १२ उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी (बिदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता)

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

४. कक्षा १० (SEE) उत्तीर्ण विद्यालय सामुदायिक विद्यालय हो भनि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरेको पत्र,

५. चालु आ ब.०७९/०८० मा भर्ना भई अध्ययन गरेको सम्बन्धित कलेजको सक्कलै पत्र,

६. गरीबी खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र (सबै समूहका लागि)

७. शहीद वा वेपत्ता परिवारको सदस्य खुलेको प्रमाण र नाता प्रमाणित

८. दलित तथा अल्पसङ्ख्यक जाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी ।

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

मानानीय मन्त्री
मेखलाल श्रेष्ठ

अनुसूची-४

## शहीद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ती छनौटका आधारहरु

| क्र.सं. | विषय | अंकभार | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | SLC/SEE को प्राप्ताङ्क | १५ अङ्क | SLC/SEE को प्राप्ताङ्कलाई १५% अङ्कभार प्रदान गरिनेछ । (१५ लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| २. | कक्षा १२ को प्राप्ताङ्क | ५० अङ्क | कक्षा १२ को प्राप्ताङ्कलाई ५०% अङ्कभार प्रदान गरिनेछ । (५० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| ३. | शहिद र बेपत्ता परिवारका छोराछोरी | १५ अङ्क | शहीद र बेपत्ता परिवारका बालबालिकाहरुका लागि १५ अङ्क प्रदान गरिनेछ । |
| ४. | विद्यालयको प्रकार | १२ अङ्क | कक्षा १० अध्ययन गरेको विद्यालय (सामुदायिक विद्यालयः ६ अंक, संस्थागत विद्यालयः ४ अंक)<br>कक्षा १२ अध्ययन गरेको विद्यालय (सामुदायिक विद्यालयः ६अंक, संस्थागत विद्यालयका लागि ४ अंक) प्रदान गरिनेछ । |
| ४. | भौगोलिक क्षेत्र | ५ अङ्क | गाउँपालिका भए ५ अंक<br>नगरपालिका भए ३ अंक । |
| ५. | जाति र वर्ग | ३ अङ्क | क) अल्पसङ्ख्यक–३ अङ्क<br>ख) दलित–२ अङ्क |
| जम्मा | | १०० अङ्क | अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः शहीद वा वेपत्ता परिवारका विद्यार्थी, अल्पसंख्यक, दलित र गरिब विद्यार्थीहरु छनौट गरिनेछ । |

**नोटः** कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## २.२७ उत्कृष्ट विद्यार्थी प्रोत्साहन (गणित र विज्ञान मुख्य विषय लिई कक्षा ११ र १२ तथा स्नातक गर्दै गरेका दलित तथा असहाय छात्रालाई छात्रवृत्ति कार्यक्रम)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जना | | ५००० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | आ.व. २०७९/०८० मा कक्षा ११ र १२ मा गणित वा विज्ञान मूल विषय लिई अध्ययन गर्ने तथा स्नातक तहमा भर्ना भई मुल विषय गणित वा विज्ञान वा गणित विज्ञान अध्ययनरत विद्यार्थीहरुलाई आर्थिक समस्या भएका, गण्डकी प्रदेशमा स्थायी बसोबास गर्ने, नेपालभित्रका सरकारी वा सामुदायिक विद्यालय एवम् क्याम्पसमा अध्ययनरत दलित तथा असाहाय छात्राहरुलाई छात्रवृत्ति प्रदान गरी ती विषयहरुमा सो समुहको पहुँच वृद्धि गर्न, सामाजिक न्याय तथा जनशक्ति कमीको समस्या समाधान गर्न, उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रमका लागि बजेट व्यवस्था गरिएकोले यो कार्यक्रम कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | कक्षा ११- १२ मा गणित वा विज्ञान मूल विषय अध्ययन गर्ने तथा स्नातक तहमा गणित वा विज्ञान वा गणित विज्ञान मूल विषय लिई अध्ययन गर्ने छात्राहरुलाई छात्रवृत्ती प्रदान गरी उक्त तह पूरा गर्न सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४. बजेट बाँडफाँट | छात्रवृत्ती मापदण्ड तयारी समितिका खर्चहरु- रु. २ लाख ५० हजार<br>सूचना प्रकाशन, निवेदन मूल्याङ्कन र छनौट तथा छात्रवृत्ति-४७ लाख ५० हजार |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>(क) **"उत्कृष्ट विद्यार्थी "** भन्नाले विद्यालय वा क्याम्पसगत हिसाबले नियमित उपस्थित हुने, अनुशासित एवं उपलव्धिका दृष्टिले राम्रो छात्रालाई बुझाउछ।<br>(ख) **"छात्रवृत्ति"** भन्नाले तोकिएका तह र विषयहरुमा अध्ययनरत तोकिएबमोजिमका छात्राहरुलाई वार्षिक रुपमा एकमसुष्ट रुपमा दिइने आर्थिक अनुदानलाई बुझाउछ।<br>ग) **"दलित विद्यार्थी"** भन्नाले कानुन वमोजिम दलित भनी तोकिएको जातिका |

| शीर्षक | विवरण |
|---|---|
| | विद्यार्थीलाई सम्झनु पर्दछ ।<br>(घ) **असहाय छात्रवृत्ती** भन्नाले जीवनयापान गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ती नभएको, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको न्यून आयस्रोत भएका परिवारका सन्ततीका लागि प्रदान गरिने छात्रवृत्ती सम्झनु पर्दछ ।<br>"**प्रोत्साहन छात्रवृत्ति**" कक्षा ११-१२ मा विज्ञान वा गणित मूल विषय तथा स्नातक तहमा गणित वा विज्ञान वा गणित विज्ञान विषय अध्ययन गर्नका लागि विद्यालय, क्याम्पस वा विश्वविद्यालयमा भर्ना भइ अध्ययन शुरु गरेका छात्राहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्नु नपरोस भनी उपलव्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।<br>**सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान गर्नका लागि कक्षा ११-१२ र स्नातक तहमा भर्ना भएका गणित वा विज्ञान वा गणित विज्ञान मूल विषय अध्ययनरत विद्यार्थीहरुसँग कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गरिनेछ।<br>(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरिनेछ ।<br>**समिति गठनः** गण्डकी प्रदेशमा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित एवम् विश्वसनिय रुपमा सञ्चालन गर्नका लागि प्रदेशस्तरीय छावृत्ती व्यवस्थापन मापदण्ड निर्माण गर्नका लागि यसै कार्यक्रम अन्तर्गत रही मन्त्रालयमा छात्रवृत्ती व्यवस्थापन मापदण्ड सिफारिस समिति गठन गरी मापदण्ड तयार गर्ने ।<br>• **निवेदन पेश गर्नेः** (१) कक्षा ११ र १२ मा विज्ञान वा गणित मूल विषय लिएका विद्यार्थीले अनुसूची-१७ बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनु पर्नेछ भने सम्बन्धित विद्यालयले स्थानीय तहको सिफारिस र तोकिएका कागजातहरु संलग्न राखि अनुसूची- १८ बमोजिम विवरण तयार गरी सूचनामा तोकिएको म्याद भित्र शिक्षा विकास निर्देशनालयमा सक्कलै निवेदन पेश गर्नुपर्नेछ भने स्नातक तहमा गणित वा विज्ञान विषय अध्ययन गर्नका लागि छनौट भई भर्ना भएका असहाय तथा दलित जातिका छात्राहरुले सम्बन्धित शिक्षण संस्थाको सिफारिस संलग्न गरी तोकिएको समय भित्र अनुसूची-१७ को ढाँचामा शिक्षा विकास निर्देशनालय समक्ष छात्रवृत्ति दोहोरो नपरेको सुनिश्चितता सहित निवेदन पेश गर्नु पर्नेछ ।<br>(२) सामुदायिक विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए सम्बन्धित |

<table>
<tr><th>शीर्षक</th><th>विवरण</th></tr>
<tr><td></td><td>जिल्लाको शिक्षा विकास तथा समन्वय ईकाइबाट प्रदान गरिएको सिफारिस पत्र संलग्न गरेको हुनुपर्नेछ । साथै शहीदस्मृति आवासीय विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए पनि सामुदायिक विद्यालय सरह अङ्क प्रदान गरिनेछ। शैक्षिक वर्ष २०७९ मा भर्ना भई स्नातक तह अध्ययनरत विद्यार्थीहरुले उक्त क्याम्पस वा विश्वविद्यालयमा भर्ना भइ अध्ययन गरिरहेको विवरण खुल्ने गरी सिफारिस पेश गर्नुपर्नेछ ।<br><br>छात्रवृत्ति रकम सम्बन्धमाः छात्रवृत्ति बापतको रकम विद्यार्थीको खातामा देहाय बमोजिम उपलव्ध हुनेछ ।<br><br>क) कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने छात्राका लागि प्रति विद्यार्थी वार्षिक रु. २४ हजारका दरले<br><br>ख) स्नातक तहमा विज्ञान वा गणित वा विज्ञान गणित अध्ययत गर्ने दलित तथा असहाय विद्यार्थीका लागि प्रति विद्यार्थी वार्षिक रु ३० हजारका दरले<br><br><u>छात्रवृत्ति कोटा निर्धारणः</u><br><br>कक्षा ११-१२ मा विज्ञान गणित विषय अध्ययन गर्ने दलित र असहाय छात्रा- १०० (एकसय) जनाका लागि २४,००,०००।-<br><br>स्नातक तह अध्ययन गर्ने दलित तथा असहाय विद्यार्थीका लागि- ७० (सत्तरी) जनाका लागि २१,००,०००।-<br><br><u>मूल्याङ्कन समिति</u><br><br>प्रशासन तथा योजना शाखा प्रमुख- संयोजक<br>शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका अधिकृत प्रतिनिधि-सदस्य<br>शिक्षा विकास निर्देशनालयले तोकेको सामुदायिक क्याम्पसका प्रमुख-सदस्य<br>आर्थिक प्रशासन शाखा-सदस्य<br>सम्बन्धित शाखाको अधिकृत- सदस्य सचिव-शिक्षा विकास निर्देशनालय<br><br>मूल्याङ्कनका आधारहरु अनुसूची-१९ मा उल्लेख भए बमोजिम हुनेछ ।</td></tr>
<tr><td>६. अपेक्षित उपलव्धी</td><td>• दलित तथा असहाय परिवारका बालबालिकाले अध्ययन पूरा गरी प्रदेशको लागि आवश्यक जनशक्ति उत्पादन हुने ।</td></tr>
<tr><td>७. निवेदनका साथ विद्यार्थीले पेश गर्नुपर्ने कागजातहरु</td><td>निवेदनका साथमा पेश गर्नुपर्ने कागजातहरु<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>• दलित विद्यार्थीको हकमा दलित भनि सम्बन्धित निकायले दिएको प्रमाणित</td></tr>
</table>

| शीर्षक | विवरण |
| --- | --- |
| | कागजात<br>• गरीब असहाय खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• शै.स २०७९ मा भर्ना भएको प्रमाण खुल्ने विद्यालय/क्याम्पस वा विश्वविद्यालयको प्रमाणित पत्र<br>• कक्षा ११-१२ मा अध्ययन गर्ने विद्यार्थीका ले SEE को प्रमाणपत्र र<br>• स्नातक तहको प्रथम वर्षमा अध्ययनरत विद्यार्थीले कक्षा १२ उत्तीर्ण प्रमाणपत्र पेश गर्नुपर्नेछ ।<br>• यस अगावै कुनै निकायबाट दलित तथा असहाय छात्रवृत्ती प्राप्त नगरेको भनी विद्यालय/क्याम्पस/ विश्वविद्यालयले स्पष्ट किटान गरी दिएको सिफारिस पत्र ।<br>• बैङ्क खाताको विवरण |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

अनुसूची-१७

## कक्षा ११ र १२ मा विज्ञान वा गणित विषय अध्ययनरत दलित तथा असहाय छात्रालाई छात्रवृत्ति निवेदनको ढाँचा

पासपोर्ट साइजको फोटो

**निवेदकको व्यक्तिगत विवरण**

नाम थरः लिङ्गः

जातः

**स्थायी ठेगानाः**

जिल्लाः स्थानीय तहको नामः वडा नं.

बाबुको नामः

आमाको नामः

अभिभावकको मोवाइल नम्बरः

बाबुको पेसाः आमाको पेसाः

परिवारको वार्षिक आम्दानी :

SEE उत्तीर्ण विद्यालयको नामः ठेगानाः

उत्तीर्ण सालः प्राप्ताङ्क प्रतिशत/जिपिए :

SEE उत्तीर्ण गरेको विद्यालय : ☐ सार्वजनिक विद्यालय, ☐ संस्थागत विद्यालय

विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेको ☐ छात्रवृत्ति प्राप्त नगरेको ☐

छात्रवृत्ति वापत प्राप्त रकमको विवरण : क) रकम रु.......................

ख) रकम प्राप्त गरेको निकायः ...................

कक्षा ११-१२ भर्ना भएको विद्यालयको नामः ठेगानाः

भर्ना भएको शैक्षिक सत्रः भर्ना रोल नम्बरः

भर्ना भएको मूल विषयः

खाता रहेको बैङ्कको नामः ठेगानाः

खाता नः

विद्यार्थीको मोवाइल नं.: इमेल ठेगाना :

विद्यार्थीको हस्ताक्षरः

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपी,

२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

३. कक्षा १० (SEE) गरेको ग्रेडसिटको प्रमाणित प्रतिलिपी (विदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता समेत),

४. कक्षा १० (SEE) उत्तीर्ण गरेको विद्यालय सामुदायिक भएमा स्थानीय तहको शिक्षा महाशाखा/शाखाले प्रमाणित गरेको पत्र,

५. चालु आ.ब ०७८/७९ मा भर्ना भई अध्ययन गरेको सम्बन्धित विद्यालयको सिफारिस सक्कलै पत्र,

६. गरीबी खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र (सबै समूहका लागि),

७. दलित जाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी ।

८. नेपाल सरकारबाट वितरण हुने विपन्न लक्षित छात्रवृत्तिमा छनौट नभएको भनी सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखा र विद्यालय/क्याम्पसले प्रष्ट खुलाएको पत्र ।

**अनुसूची- १७**

**स्नातक तहमा विज्ञान वा गणित वा विज्ञान गणित मूल विषय लिई अध्ययनरत दलित तथा असहाय छात्रालाई छात्रवृत्ति निवेदनको ढाँचा**

पासपोर्ट साइजको फोटो

**निवेदकको व्यक्तिगत विवरण**

नाम थरः लिङ्गः

जातः

**स्थायी ठेगानाः**

जिल्लाः स्थानीय तहको नामः वडा नं.

बाबुको नामः

आमाको नामः

अभिभावकको मोवाइल नम्बरः

बाबुको पेसा: आमाको पेसा:

परिवारको वार्षिक आम्दानी :

कक्षा १२ उत्तीर्ण विद्यालयको नामः ठेगानाः

उत्तीर्ण सालः प्राप्ताङ्क प्रतिशत/जिपिए :

कक्षा १२ उत्तीर्ण गरेको विद्यालय ☐ सार्वजनिक विद्यालय, ☐ संस्थागत विद्यालय

हाल अध्ययनरत तहमा कुनै प्रकारको छात्रवृत्ती प्राप्तः गरेको ☐ नगरेको ☐

छात्रवृत्ती प्राप्त गरेको भए, छात्रवृत्ति वापत प्राप्त रकमको विवरण : क) रकम रु.......................

ख) रकम प्रदान गरेको निकायः ...................

स्नातक तहमा भर्ना भएको क्याम्पस/ विश्वविद्यालयको नामः ठेगानाः

क्याम्पसको प्रकारः (सरकारी/ सामुदायिक/नीजि)

भर्ना भएको शैक्षिक सत्रः भर्ना रोल नम्बरः

भर्ना भएको मूल विषयः

हाल अध्ययनरत वर्ष/ सेमेष्टरः

खाता रहेको बैङ्कको नामः ठेगानाः

खाता नः

विद्यार्थीको मोवाइल नं.: इमेल ठेगाना :

विद्यार्थीको हस्ताक्षरः

**पेश गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

३. कक्षा १२ उत्तीर्ण गरेको ग्रेडसिटको प्रमाणित प्रतिलिपी (विदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता समेत),

४. सरकारी वा सामुदायिक क्याम्पस/विश्वविद्यालयमा भर्ना भई गणित वा विज्ञान वा गणित विज्ञान मूल विषय लिई निरन्तर अध्ययन गरेको सम्बन्धित क्याम्पस/ विश्वविद्यालयको सिफारिस सक्कलै पत्र,

५. असहाय हो भनी खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र (दुवै समूहः असहाय र दलितका लागि)

६. दलित जाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी ।

७. कुनै पनि निकायबाट दलित तथा असहाय छात्रवृत्ती नभएको सम्बन्धमा सम्बन्धित क्याम्पसले प्रष्ट खुलाई प्रदान गरेको सिफारिस पत्र ।

# अनुसूची- १८

कक्षा ११-१२ मा विज्ञान वा गणित मूल विषय लिइ अध्ययन गर्ने दलित तथा असहाय छात्रा विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति लागि विद्यालयले सम्बन्धित स्थानीय तहमा सिफारिस गरी पठाउने विवरणको ढाँचाः

विद्यालयको नामः

ठेगानाः

प्र को नामः

सम्पर्क नः इमेल ठेगानाः

कक्षा ११ मा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्याः

कक्षा १२ मा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्याः

विद्यार्थीको विवरण

| क्र स | विद्यार्थी को नाम | कक्षा | विद्यार्थी को ठेगाना | SEE उत्तीर्ण गरेको विद्यालय | SEE उत्तीर्ण गरेको विद्यालय को प्रकार | SEE मा प्राप्त जिपीए | छात्रवृत्ती प्राप्त गरिरहेको भए प्राप्त रकम | छात्रवृत्ती प्राप्तीको रकम रु | विद्यार्थीको समूह(असहाय / दलित) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची- १८

कक्षा ११-१२ मा विज्ञान वा गणित मूल विषय लिइ अध्ययन गर्ने दलित तथा असहाय छात्रा विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति लागि छात्रवृत्तीका लागि स्थानीय तहले शिक्षा विकास निर्देशनालयमा सिफारिस गरी पठाउने विवरणको ढाँचाः

स्थानीय तहको नामः जिल्लाः

छात्रवृत्तीका लागि सिफारिस गरि पठाउने विद्यार्थी एवम् विद्यालय सम्बन्धि विवरण

| क्रस | विद्यालयको नाम | ठेगाना | कक्षा ११ का जम्मा असहाय विद्यार्थी | कक्षा ११ का जम्मा दलित विद्यार्थी | कक्षा १२ का जम्मा असहाय विद्यार्थी | कक्षा १२ का जम्मा दलित विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

स्नातक तहमा विज्ञान वा गणित वा विज्ञान गणित मूल विषय लिइ अध्ययन गर्ने दलित तथा असहाय छात्रा विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति लागि छात्रवृत्तीका लागि सम्बन्धित क्याम्पस/ विद्यालयले शिक्षा विकास निर्देशनालयमा सिफारिस गरी पठाउने विवरणको ढाँचाः

क्याम्पसको नाम ठेगानाः

विद्यार्थी विवरणः भर्ना वर्ष :

| क्रस | विद्यार्थीको नाम | स्थायी ठेगाना | कक्षा १२ उत्तीर्ण गरेको विद्यालयको नाम | कक्षा १२ मा प्राप्त गरेको जम्मा प्राप्ताङ्क प्रतिशत/ GPA | हाल अध्ययनरत वर्ष/ समेष्टर | निवेदन पेश गरेको समूह | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | असहाय | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

क्याम्पस प्रमुखको नामः

हस्ताक्षरः क्याम्पसको छापः

मितिः

## अनुसूची - १९

कक्षा ११-१२ मा विज्ञान वा गणित मूल विषय लिइ अध्ययन गर्ने दलित तथा असहाय छात्रा विद्यार्थीले प्राप्त गर्ने दलित तथा असहाय छात्रा छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधारहरु

| क्र.सं. | विषय | अंकभार | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | SLC/SEE को प्राप्ताङ्क वा GPA | ७० अङ्क | SLC/SEE को प्राप्ताङ्कलाई ७०% अङ्कभार प्रदान गरिनेछ । (७० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| २ | विद्यालयको प्रकार | १५ अङ्क | सामुदायिक विद्यालयका लागि १५ अङ्क र संस्थागत विद्यालयका लागि १२ अङ्क प्रदान गरिनेछ । |
| ३ | भौगोलिक क्षेत्र | १० अङ्क | गाउँपालिकाका लागि १० अङ्क र नगरपालिका ७ अङ्क |
| ४. | जाति र वर्ग | ५ अङ्क | क) असहाय–४ अङ्क<br>ख) दलित–५ अङ्क |
| जम्मा | | १०० अङ्क | अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः विपन्न दलित समुदायको विद्यार्थीलाई प्राथमिकता दिई छनौट गर्ने । |

**नोटः** कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छनौट समितिले योग्यता सूचीका आधारमा जिल्लागत रुपमा छात्रवृत्तीका लागि सिफारिस गर्नुपर्नेछ ।साथै प्राप्त निवदेनहरुमध्ये जिल्लागत रुपमा औषत कोटा निर्धारण गरी जिल्लागत रुपमा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छात्रवृत्तीका लागि सिफारिस गर्नुपर्नेछ ।

## अनुसूची- १९

स्नातक तहमा विज्ञान वा गणित वा विज्ञान गणित मूल विषय लिइ अध्ययन गर्ने दलित तथा असहाय छात्राले प्राप्त गर्ने दलित तथा असहाय छात्रा छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधारहरु

| क्र.सं. | विषय | अंकभार | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | कक्षा ११-१२ को प्राप्ताङ्क प्रतिशत वा औषत GPA | ७० अङ्क | कक्षा ११ र १२ को प्राप्ताङ्कलाई ७०% अङ्कभार प्रदान गरिनेछ । (७० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| २ | कक्षा १२ उत्तीर्ण विद्यालयको प्रकार | १५ अङ्क | सामुदायिक विद्यालयका लागि १५ अङ्क र संस्थागत विद्यालयका लागि १२ अङ्क प्रदान गरिनेछ । |
| ३ | भौगोलिक क्षेत्र | १० अङ्क | गाउँपालिकाका लागि १० अङ्क र नगरपालिका ७ अङ्क |
| ४. | जाति र वर्ग | ५ अङ्क | ग) असहाय–४ अङ्क<br>घ) दलित–५ अङ्क |
| जम्मा | | १०० अङ्क | अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः विपन्न दलित समुदायको विद्यार्थीलाई प्राथमिकता दिई छनौट गर्ने । |

**नोटः** कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छनौट समितिले योग्यता सूचीका आधारमा छात्रवृत्तीका लागि सिफारिस गर्नुपर्नेछ । साथै प्राप्त निवदेनहरुमध्ये क्याम्पसगत रुपमा औषत कोटा निर्धारण गरी क्याम्पसगत रुपमा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छात्रवृत्तीका लागि सिफारिस गर्नुपर्नेछ ।

## २.२८ अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जना | | १००० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत गण्डकी प्रदेशका अपाङ्गता भएका विद्यार्थीहरुका लागि थप प्रोत्साहन गर्न अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ । अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्नु पर्दछ । अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यो मापदण्ड तयार गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुका लागि थप प्रोत्साहन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४. बजेट बाँडफाँट | प्रस्ताव छनौट एवम् व्यवस्थापन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>(क) **“अपाङ्गता भएका व्यक्ति”** भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्दछ ।<br>(ख) **"प्रोत्साहन छात्रवृत्ति"** भन्नाले स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि विश्वविद्यालयमा भर्ना भइ अध्ययन शुरु गरेका अपाङ्ग विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्नु नपरोस भनी उपलव्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।<br>(ख) **“उच्च शिक्षा”** भन्नाले स्नातक र स्नातकोत्तर तहलाई सम्झनु पर्दछ ।<br>• **सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान गर्नका लागि स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरुसँग कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गरिनेछ।<br>• (२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरिनेछ ।<br>• **निवेदन पेश गर्नेः** (१) स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुले सम्बन्धित विश्वविद्यालय/क्याम्पसबाट अध्ययनरत रहेको |

| शीर्षक | विवरण |
| --- | --- |
| | सिफारिसको सक्कल प्रति, अपाङ्गता परिचयपत्रको प्रतिलिपी र सूचनामा तोकिएका अन्य कागजात सहित तोकिएको समय भित्र शिक्षा विकास निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ ।<br>(२) निवेदनको ढाँचा अनुसूची - २० मा उल्लेख भए बमोजिम हुनेछ ।<br>छात्रवृत्तिको रकम दोहोरो नपरेको सुनिश्चितता हुनुपर्नेछ ।<br>**छात्रवृत्ति रकम सम्बन्धमाः** छात्रवृत्ति बापतको रकम विद्यार्थीको खातामा देहाय बमोजिम उपलव्ध हुनेछ ।<br>छात्रवृत्ति कोटा निर्धारणः<br>श्रेणी अनुसारको कोटा तथा रकम निर्धारण निवेदन सङ्ख्या र प्रकृतिका आधारमा मुल्याङ्कन समितिले गर्न सक्नेछ ।<br>मूल्याङ्कन समिति<br>प्रशासन तथा योजना शाखा प्रमुख- संयोजक<br>शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका अधिकृत प्रतिनिधि-सदस्य<br>राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशको प्रतिनिधि-सदस्य<br>आर्थिक प्रशासन शाखा-सदस्य<br>सम्बन्धित शाखाको अधिकृत, शिक्षा विकास निर्देशनालय - सदस्य सचिव<br>मूल्याङ्कनका आधारहरु अनुसुची- २१ मा उल्लेख भए बमोजिम हुनेछ । |
| ६. अपेक्षित उपलव्धी | • स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुका लागि थप प्रोत्साहन हुनेछ । |
| ७. विद्यार्थीले पेश गर्नुपर्ने कागजातहरु | • अनुसुची -२० अनुसारको निवेदन ।<br>• नागरिकताको प्रमाणपत्र<br>• भर्ना भएको प्रमाण खुल्ने क्याम्पसको प्रमाणित पत्र<br>• अपाङ्गता परिचय पत्रको प्रतिलिपि<br>• सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको सिफारिस पत्र<br>• शैक्षिक योग्यताको प्रमाणपत्रहरु |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय |

अनुसूची- २०

# अपाङ्ग उच्च शिक्षा छात्रवृत्ती निवेदनको ढाँचा

पासपोर्ट साइजको फोटो

**निवेदकको व्यक्तिगत विवरण**

नाम थरः लिङ्गः

जातः

**स्थायी ठेगानाः**

जिल्लाः स्थानीय तहको नामः वडा नं.

बाबुको नामः

आमाको नामः

अभिभावकको मोवाइल नम्बरः

बाबुको पेसाः आमाको पेसाः

परिवारको वार्षिक आम्दानी :

कक्षा १२ उत्तीर्ण संस्थाको नामः ठेगानाः

स्नातक उत्तीर्ण संस्थाको नामः ठेगानाः

उत्तीर्ण सालः प्राप्ताङ्क प्रतिशत/जिपिए :

अध्ययन गर्ने तह भन्दा एक तह मुनीको शिक्षण संस्था : सार्वजनिक ☐ संस्थागत विद्यालय ☐

भर्ना भएको कलेजको नामः ठेगानाः

भर्ना भएको शैक्षिक सत्रः भर्ना रोल नम्बरः

खाता रहेको बैङ्कको नामः ठेगानाः

खाता नः

विद्यार्थीको मोवाइल नं. : इमेल ठेगाना :

विद्यार्थीको हस्ताक्षरः

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु**

९. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

१०. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

११. कक्षा १२ तथा स्नातक उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी (विदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता)

१२. कक्षा १२ उत्तीर्ण शैक्षिक संस्था सामुदायिक/सार्वजनिक हो भनि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ तथा स्नातक उत्तीर्ण संस्था सामुदायिक/सार्वजनिक हो भनि सम्बन्धित क्याम्पसले प्रमाणित गरेको पत्र,

१३. चालु आ. व. मा भर्ना भई अध्ययन गरेको सम्बन्धित कलेजको सक्कलै पत्र,

१४. स्थायी ठेगाना रहेको स्थानीय तहको सिफारिस ।

## अनुसूची -२१

### अपाङ्ग उच्च शिक्षा छनौट मापदण्ड

| क्र.सं. | विषय | अंकभार | अंक विभाजन विवरण |
|---|---|---|---|
| २. | अध्ययनरत तहभन्दा एक तह मुनीको प्राप्ताङ्क | ५० अङ्क | प्राप्ताङ्कलाई ५०% अङ्कभार प्रदान गरिनेछ । (५० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ |
| ३. | अपाङ्गताको प्रकार | ३५ अङ्क | (क) वर्ग-३५ अङ्क, (ख) वर्ग-२५ अङ्क, (ग) वर्ग-२० अङ्क र (घ) वर्ग-१५ अङ्क |
| ४. | शैक्षिक संस्थाको प्रकार | ७ अङ्क | सामुदायिकका लागि ७ अङ्क र संस्थागतका लागि २ अंक प्रदान गरिनेछ |
| ४. | भौगोलिक क्षेत्र | ५ अङ्क | गाउँपालिका-५ र नगरपालिका-३ |
| ५. | जाति र वर्ग | ३ अङ्क | ङ) दलित–३ अङ्क<br>च) अन्य–२ अङ्क |
| जम्मा | | १०० अङ्क | अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः दलित र महिला विद्यार्थीहरु छनौट गरिनेछ । |

नोटः कुल अंक मध्ये न्यूनतम ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यालयलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतीका लागि सिफारिस गर्नेछ ।अङ्क वरावर भएमा छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ ।